

# १ के भयो?

*__यस अध्यायका मूल पदहरू:__* भजन १००:३, प्रेरित १७:२६, उत्पत्ति २:७, १८-२५, उत्पत्ति १:२८,२९ र उत्पत्ति ३:१५।

*__यस अध्यायको मूल सार पद:__* **"हाम्रै स्वरूपमा मानव जीवन सृष्टि गरौं। तिनीहरू हाम्रो प्रतिरूप हुनेछ....त्यसकारण परमेश्वरले मानिस जातिलाई उहाँको स्वरूपमा सृष्टि गर्नुभयो, परमेश्वरकै प्रतिरूपमा उहाँले तिनीहरूलाई सृष्टि गर्नुभयो। उहाँले नर र नारी सृष्टि गर्नुभयो" (उत्पत्ति १:२६,२७ न्यु रिभाइज्ड स्टान्डर्ड भर्जनबाट रूपान्तरित)।**

मानव जीवनको सृष्टिको बारेमा बाइबलको विवरणमा आशा, सुखमय र सिद्धता अर्थात् परिपक्वताले भरिएको पाउँछौं। परमेश्वरले प्रत्येक दिनमा गर्नुभएको आफ्नो सृष्टिको काम पूरा भएपछि उहाँले त्यस कामलाई हेर्नुभयो र "असल" भनेर उच्चारण गर्नुभयो। त्यस उच्चारणमा हुरीबतास, आँधी, भूकम्प, अनिकाल, भयाभव रोग व्याधी र (कोरोना जस्तो) महामारी समावेश भएको थिएन।

### तब के भयो त?

जब उहाँले छ दिन लगाएर सृष्टिको सबै काम सम्पन्न गर्नुभयो तब छैथौं दिनको अन्तमा आएर उहाँले झन यो उच्चारण गर्नुभयो "धेरै असल।" अरू दिनहरूचाहिँ असल, र त्यस दिनमा उहाँले धेरै असल किन भन्नुभयो? किनभने त्यस दिनमा परमेश्वरले ती जीवहरूलाई सृष्टि गर्नुभयो जो आफ्नै स्वरूप वा प्रतिरूपमा थिए। त्यसलाई हामी मानव जाति भन्छौं। उत्पत्तिको विवरणमा ती मानव जीवनको जस्तो असल सृष्टि अरू थिएन। ती मानव जीवहरू सबै कुरामा सिद्ध र परिपक्व थिए। तिनीहरू सिद्ध हुनै पर्थ्यो। किनभने आखिरमा तिनीहरू परमेश्वरकै प्रतिबिम्ब गरिने गरि उहाँको प्रतिरूपमा

सृष्टि गरिएको थियो। त्यसकारण ती जीवहरूमा हुनुपर्ने परम आवश्यकतामा हत्या, हिंसा, चोरीडकैती, जालीफताहा, छलकपट, बेइमानी, गद्दारी वा विश्वासघात र सबै खालको नैतिक भ्रष्टता तथा निचता थिएन। तर के भयो त?

परमेश्वरले सृष्टिमा पहिले कसरी सृजनुभएको थियो र त्यस सिद्ध सृष्टिमा के भयो यस अध्यायमा हामी हेर्नेछौं। अन्तमा आएर यस अध्यायले यस अध्ययन पुस्तकको विषयबस्तुलाई अवलोकन गर्नेछौंः त्यस बिग्रिएको सृष्टिलाई फेरि "धेरै असल" भनेर उच्चारण गर्न परमेश्वरले के गर्दै हुनुहुन्छ।

**यस अध्यायको झलकमाः मानव जीवनदेखि यस संसारको उत्पत्तिको बारेमा बाइबलले हामीलाई के सिकाउँछ? मानव जीवनबाट परमेश्वरले कस्तो खालको सम्बन्धको अपेक्षा गर्नुभएको थियो? असल र खराबको ज्ञान दिने रूखको उद्देश्य के थियो? जब आदम र हव्वा पापमा फसे तब तिनीहरूलाई कुन आशा तुरुन्तै दिइएको थियो?**

## १. माथिदेखि तलसम्म, तलदेखि माथिसम्म....अर्थात् माथिदेखि तलसम्म कछुवा...

**"आदिमा परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नुभयो" (उत्पत्ति १:१ रूपान्तरित)।**

एक जना वैज्ञानिकले सूर्यको वरिपरि ग्रहहरू घुम्छ र सूर्य नक्षत्रको केन्द्रमा घुम्छ भनेर व्याख्या गर्दै थिए। त्यसबेला एक जना टेनिस जुत्ता लगाएकी बृद्ध महिलाले सबैको सामु उभिएर भनिन् "पृथ्वी गोलो छैन तर च्याप्टो छ र यो कछुवाको पीठिउँमा ठडिएको छ।" अन मजाक ठानेर त्यस वैज्ञानिकले उनलाई सोधे "कछुवा कसमाथि बसेको छ?" "त्यो कछुवा अर्को कछुवामाथि बसेको छ" उनले जवाफ दिइन्। "हजुर आमा, अनि त्यो कछुवा कसमाथि बसेको छ त?" त्यस महिलाले जवाफ दिइन्, "त्यो कछुवा अर्को कछुवामाथि बसेको छ।" तर त्यस वैज्ञानिकले फेरि त्यस कछुवा कसमाथि बसेको छ भनेर सोध्न खोज्दा उनको अनुहारमा आफ्नो औंलाले ठड्याउँदै भनिन् "बाबु तपाईंको सास खेर नफाल्नुहोस्। तलसम्मै कछुवा छ।"

यो कथा मजाको भएतापनि यसले मानव अस्तित्वको अत्यन्तै निर्णायक विषयबस्तुलाई औंल्याउँछ-यस जगतको अस्तित्वको स्वभाव। हामीले

नरोजेको यस पृथ्वी के हो? हामी यहाँ किन छौं? हामी यहाँ कसरी आइपुग्यौं? आखिरमा हामी कहाँ गइरहेकाछौं?

उपर्युक्त प्रश्नहरू अत्यन्तै मौलिक र आधारभूत छन्, जुन मानिसहरूले बराबर सोध्छन्। हामी को हौं र हामी यहाँ कसरी आइपुग्यौं भन्ने बुझाइले हामी यस संसारमा बाँचुञ्जेल हामी कसरी जिउनुपर्छ र कसरी चल्नुपर्छ भन्ने कुरालाई प्रभाव पार्दछ।

**देहायका पदहरू ध्यान दिएर पढ्नुहोस्। ती प्रत्येक पदले माथिका प्रश्नहरूलाई आआफ्नै तरिकाले कसरी जवाफ दिन्छन्? ती सबै पदहरूमा एउटा साझा धारणा के छ? हेर्नुहोस्, उत्पत्ति १:१ "आदिमा परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नुभयो।", भजन १००:३ "परमप्रभु नै परमेश्वर हुनुहुन्छ भनी जान। उहाँले नै हामीलाई बनाउनुभयो, र हामी उहाँकै हौं, हामी उहाँका प्रजा र उहाँको खर्कका भेड़ाहरू हौं।", यशैया ४०:२७-३१ "२७ हे याकूब, तिमी किन कराउँछौ? हे इस्राएल, तिमी किन यस्तो गुनासो पोखाउँछौ? "मेरो बाटो परमप्रभुदेखि लुकेको छ, परमेश्वरले मेरो वास्ता गर्नुभएको छैन।" २८ <u>के तिमीलाई थाहा छैन? के तिमीले सुनेका छैनौ? परमप्रभु सदासर्वदा परमेश्वर हुनुहुन्छ, पृथ्वीको पल्लो छेउसम्मका सृष्टिकर्ता हुनुहुन्छ। उहाँ न त थकित न हैरान हुनुहुन्छ, र कसैले पनि उहाँको समझलाई नाप्न सक्दैन?</u> २९ उहाँले थकितहरूलाई बल दिनुहुन्छ, र कमजोरहरूको शक्ति बढ़ाइदिनुहुन्छ। ३० युवक पनि दुर्बल र थकित हुन्छन्, र जवान मानिसहरू थाकेर लोट्छन्। ३१ तर परमप्रभुको आशा गर्नेहरूको बल फेरि नयाँ हुनेछ। तिनीहरू गरुडझैं माथि-माथि उड्नेछन्, र दगुरेर पनि तिनीहरू थाक्नेछैनन्। तिनीहरू हिँड्नेछन् तापनि मूर्च्छा पर्नेछैनन्।", प्रेरित १७:२४-२७ "२४ "परमेश्वर, जसले संसार र त्यसमा भएका यावत् थोक बनाउनुभयो, उहाँ स्वर्ग र पृथ्वीका प्रभु भएका हुनाले हातले बनाएको मन्दिरमा वास गर्नुहुन्न, २५ उहाँलाई कुनै थोकको खाँचो परेजस्तो गरी मान्छेको हातबाट उहाँको सेवा हुनुपर्छ भनी नसोच्नुहोस्। किनभने उहाँले नै सबैलाई जीवन, सास र सबै चीज दिनुहुन्छ। २६ <u>उहाँले एक जनाबाट समस्त पृथ्वीमा वास गर्न मानिसको प्रत्येक जाति बनाउनुभयो। तिनीहरूका निवासका अवधि र सीमा पनि तोकिदिनुभयो</u>, २७ तिनीहरूले परमेश्वरलाई खोजून्, शायद तिनीहरूले छामछुम गरेर उहाँलाई भेट्टाउलान् कि भन्ने आशामा यसो गरियो। तर पनि उहाँ हामी हरेकबाट टाढ़ा हुनुहुन्न।", एफिसी ३:९ "सबै कुरा सृजनुहुने परमेश्वरमा युग-युगदेखि लुप्त रहेका रहस्यको योजना के**

**हो, सो सबै मानिसलाई खुलस्त गराउने अनुग्रह मलाई दिइयो।" र हिब्रू १:२,१० "यी आखिरी दिनहरूमा उहाँ आफ्ना पुत्रद्वारा हामीसँग बोल्नुभएको छ। पुत्रलाई नै उहाँले सबै कुराका उत्तराधिकारी नियुक्त गर्नुभयो, उहाँद्वारा नै समस्त सृष्टि रच्नु पनि भयो।....१० उहाँ फेरि भन्नुहुन्छ, "हे परमप्रभु, तपाईंले आदिमा पृथ्वीको जग बसाल्नुभयो, र आकाशमण्डल तपाईंका बाहुलीको काम हो।"**

उत्पत्ति १:१ र अरू पदहरूमा पनि परमेश्वरले आफू सृष्टिकर्ता हुनुहुन्छ भनेर प्रमाणित गर्न प्रयास गर्नुभएको छैन। यो रोचक मान्नुपर्छ। त्यस विषयमा बाइबलमा कुनै विस्तृत बादबिवाद गर्न खोजिएको छैन। बरु परमेश्वर सृष्टिकर्ता हुनुहुन्छ भनेर सरल र स्पष्टरूपमा उल्लेख गरिएको छ। यस विषयमा बाइबलमा कुनै किसिमको तर्क, स्पष्टिकरण, व्याख्या र प्रमाणिकरण गर्न पनि खोजिएको छैन। त्यसलाई स्वीकार गर्नु वा ग्रहण गर्नुभन्दा अरू कुनै उपाय छैन तर केवल परमेश्वरमाथि विश्वास र आस्थाको आवश्यक छ। त्यसको मूख्य र सरल कारण यो छ कि यस संसार कसरी सृष्टि गरियो र त्यसको प्रक्रिया हेर्न त्यसबेला हामी कोही पनि थिएनौं न त कुनै वैज्ञानिक नै। तर्क गर्नु पर्दा यस पृथ्वीको सृष्टिमा हामी हुनु असम्भव थियो। जुनसुकै दर्शन, बिचार, अवधारणा परमेश्वरलाई विश्वास नगर्नेले यस संसारको उत्पत्तिको बारेमा राखेतापनि ती अवधारणाहरू, अनुमानहरू वा वैज्ञानिक तर्कहरू नै किन नहुन् ती सबैलाई मान्न विश्वास नै चाहिन्छ, जसरी हामी परमेश्वर सृष्टिकर्ता हुनुहुन्छ र उहाँले नै सबै थोक बनाउनुभयो भनेर विश्वास गर्छौं। वास्तविक कुरो त यो छ आकाश, नक्षत्र वा जगत र पृथ्वीको उत्पत्तिमा हामी कोही पनि थिएनौं।

**जेभएतापनि उहाँ सृष्टिकर्ता हुनुहुन्छ भनेर हामीले विश्वास गरुन् भनेर परमेश्वरले चाहनुभएतापनि बिना असल कारण किन विश्वास गर्ने भन्ने कुरालाई उहाँले हाम्रो समक्ष प्रस्तुत गर्नुहुन्छ। हामीले जे विश्वास गर्छौं त्यसको निम्ति केही न केही आस्था वा विश्वास हामीमा हुनै पर्छ। यसलाई मध्यनजरमा राखेर सृष्टिकर्ताले यस संसारमा हामीलाई राख्नुभएको कारण के हो सो सोच्नुहोस्। कतिपय वैज्ञानिक, दार्सनिक, बुद्धिमानी भनाउँदाहरूले यस पृथ्वी वा नक्षत्र वा ग्रहहरू अचानक हुन आयो वा कुनै विस्फोटबाट रहन आयो भनेर दावी गर्छन्। त्यसको लागि पनि तिनीहरूको कुनै प्रमाण छैन। त्यसलाई विश्वास गर्न विश्वासै चाहिन्छ।**

## २. सृष्टिकर्ताको प्रतिरूपमा (उत्पत्ति १:२७)

मानव जीवन-पुरुष र स्त्री दुवै "परमेश्वरको स्वरूप वा प्रतिरूपमा परमेश्वर आफैले सृष्टि गर्नुभयो" भनेर बाइबलले बताउँछ। त्यस स्पष्ट धारणालाई मनमा राखेर देहायका प्रश्नहरूको जवाफ दिनुहोस्: १. हामीलाई परमेश्वरको आफ्नै स्वरूप वा प्रतिरूपमा उहाँले सृष्टि गर्नुभयोको अर्थ के हो? कुन कुन प्रकारले हामी परमेश्वरकै ठेट नमुना, रूप, स्वरूप वा प्रतिरूप हौं (रूपान्तरित)? २. उत्पत्तिमा दिएको विवरण अनुसार के परमेश्वरले आफ्नो स्वरूपमा मानव प्राणी बाहेक अरू कुनै थोक बनाउनुभएको थियो कि? यदि छैन भने त्यसले हाम्रो विशेष स्तरको बारेमा के भन्छ? संसारमा सृष्टि गरिएको अरू सृष्टि, जीवजीवातहरू हाम्रो रूप, प्रतिरूपसँग मिल्दैन न त मिल्न खोज्नु आवश्यक छ न त मिलाउन खोज्नु प्रयास गर्नु किन हुँदैन? हाम्रो र अरू सृष्टिको बीचमा बिपरित सृष्टिबाट हामी के पाठहरू सिक्न सक्छौं? ३. मानव जीवनको सृष्टिको बारेमा दिइएको विवरणले अरू कुनै पनि सृष्टिभन्दा फरक छ भनेर देखाउँदछ। त्यसले मानव प्राणीलाई अरू कुनै पनि सृष्टिको तुलनामा राख्ने परमेश्वरको मनसाय नभएको हामीले कसरी बुझ्न सक्छौं? हेर्नुहोस्, उत्पत्ति २:७, १८-२५ "७ तब परमप्रभु परमेश्वरले भूमिको माटोबाट मानिस बनाउनुभयो, र तिनको नाकमा जीवनको सास फुकिदिनुभयो, र मानिस जीवित प्राणी भए।...१८ फेरि परमप्रभु परमेश्वरले भन्नुभयो, "मानिस एकलो रहन असल छैन। म त्यसको निम्ति त्यसलाई सुहाउने एउटा सहयोगी बनाउनेछु।" १९ परमप्रभुले सबै वन-पशु र आकाशका सबै पन्क्षी लाई भूमिबाट बनाएर मानिसले तिनीहरूको के-के नाउँ राख्दो रहेछ भनी हेर्न तिनीहरूलाई मानिसकहाँ ल्याउनुभयो। र मानिसले हरेक प्राणीलाई जे-जे नाउँ दिए त्यही-त्यही नै त्यसको नाउँ भयो। २० अनि मानिसले नै सबै पालिने पशु, आकाशका पन्क्षी र सबै वन-पशुहरूका नाउँ राखे। तर आदमको निम्ति तिनलाई सुहाउँदो कोही सहयोगी पाइएन। २१ यसैकारण परमप्रभु परमेश्वरले मानिसलाई मस्त निद्रामा पार्नुभयो, र तिनी निदाएको बेलामा तिनका करङहरूमध्येको एउटा निकालेर त्यसको ठाउँमा मासु भरिदिनुभयो। २२ जुन करङ परमप्रभु परमेश्वरले मानिसबाट निकाल्नुभएको थियो, त्यसबाट एउटी स्त्री बनाएर मानिसकहाँ ल्याउनुभयो। २३ मानिसले भने, "यो त मेरै हाड़को हाड़ र मासुको मासु हो। तिनलाई स्त्री भनिने छ। किनभने तिनी पुरुषबाट निकालिएकी थिइन्।" २४ यसैकारण मानिसले आफ्ना आमा-

**बाबुलाई छोड्छ र आफ्नी पत्नीसँग मिलिरहन्छ, र तिनीहरू एउटै शरीर हुन्छन्। २५ मानिस र तिनकी पत्नी दुवै नाङ्गा थिए, र लजाउँदैनथे।"**

परमेश्वरको बारेमा हामीले मानवीय भाषामा बोल्नुपरेतापनि उहाँ आत्मिक जीव (यूहन्ना ४:२४) हुनुहुन्छ भनेर हामीले बिर्सनुहुन्न। उहाँमा परमेश्वरीय स्वभाव, चरित्र र गुणहरू छन्। हामी यतिमात्र भन्न सक्छौं कि हामीहरूको शारीरिक, मानसिक र आत्मिक वा अध्यत्मिक स्वभावले सृष्टिकर्ता परमेश्वरको स्वभावलाई कुनै न कुनै तरिकाले प्रतिबिम्बित गरिरहेका हुन्छौं। हाम्रो निम्ति परमेश्वरका कतिपय रहस्यहरू छिपिरहेको हुन्छ। तर उहाँको आत्मिक र मानसिक पक्षहरूले उहाँका ती गुणहरू देखाउँछ भनेर बाइबलले जिकिर गर्दछ। हामीमा ती पक्षहरू कमजोर भएतापनि ती पक्षहरूलाई सुधार गर्दै त्यसको बिकास हामी गर्दै जान सक्छौं। मानव मश्तिष्क वा दिमागमा अर्थात् चेतनामा यस्तो विशेषता छ जसले गर्दा परमेश्वरसँगको सम्बन्धमा फलदायी हुन सम्भव हुन्छ जुन परमेश्वरको अरू कुनै पनि पृथ्वीय सृष्टिमा हुन असमर्थ छ।

स्त्रीलाई परमेश्वरले कसरी सृष्टि गर्नुभयो त्यसको विशेष विवरण पनि सोच्नुहोस्। दुवै पुरुष र स्त्री, परमेश्वरको स्वरूपमा सृष्टि भएर समान हुनु नै अविश्वसनीय अवसर हो भनेर हामीले स्वीकार गर्नैपर्छ। जब परमेश्वरले पुरुष र स्त्रीलाई सृष्टि गर्नुभयो तब तिनीहरूको बीचमा कुनै उचनिच भावनाको सङ्केत थिएन। दुवै जनालाई त्यही भौतिक तत्वहरूबाट सृष्टि गर्नुभएको थियो। सुरुदेखि नै ती दुवै जनालाई परमेश्वरले बराबरी तहमा राख्नुभएर उहाँसँगको विशेष सम्बन्धको निम्ति छुटयाउनुभएको थियो। तिनीहरूलाई परमेश्वरले दिनुभएको स्वभाव र चरित्रलाई बिकास गरेर उहाँको महिमा गर्न दुवै जनालाई एउटै अवसर दिनुभएको थियो।

"परमेश्वर आफैले आदमलाई साथ दिन साथी दिनुभएको थियो। आदमलाई आवश्यक भएको सहयोगी परमेश्वरले उपलब्ध गराउनुभएको थियो। आदमकै जोडा अनुसार सहयोगी हव्वा भएकी थिइन्। उनी आदमको साथी वा दौंतरी हुन योग्यकी  थिइन्। माया, प्रेम र सहानुभूतिमा आदमसँग उनी एक हुन सक्थिन्। हव्वालाई आदमको करङ्गबाट निकालिएर सृष्टि गरिएको थियो। त्यसको अर्थ उनी आदमको शिर भएर आदमलाई नियन्त्रण गर्ने होइन, न त हव्वालाई निच ठानेर आफ्नो पाऊमुनि राख्ने हो। तर

आदमकै बराबरी भएर आदमको प्रेम र सुरक्षामा रहन हव्वालाई सुम्पिएको थियो।"-एलेन जी ह्वाइट, पाट्रियार्क एण्ड प्रोफेटस्, पृ. ४६बाट रूपान्तरित।

## ३. परमेश्वर र मानव प्राणी सँगसँगै (उत्पत्ति १:२८,२९)

जब परमेश्वरले मानव प्राणीलाई सृष्टि गर्नुभयो तब तिनीहरूलाई उहाँले बोल्नुभएका प्रथम शब्दहरू हेर्नुहोस्। ती शब्दहरू कमसेकम बाइबलमा कोरिएका छन्। फलदायी हुने वा आफू जस्तै अरू सन्तानहरू जन्माउने क्षमता हुने उहाँले औंल्याउनुभएको थियो। पृथ्वी, जमिन वा सृष्टिलाई औँल्याउँदै त्यसलाई भर्नु, हेरचाह गर्नु, त्यसलाई बशमा राख्नु र त्यसमाथि स्वामित्व राख्नु भनेर उहाँले औँल्याउनुभएको थियो। कुनकुन बिरुवाहरू तिनीहरूले खान सक्छन् भनेर पनि तिनीहरूलाई उहाँले भन्नुभएको थियो। संक्षेप्तमा भन्ने हो भने परमेश्वरले पुरुष र स्त्रीलाई बोल्नुभएका पहिला शब्दहरूले यस भौतिक संसारसँग तिनीहरूको अन्तर्क्रिया र सम्बन्ध कस्तो हुनुपर्छ भनेर विशेष गरेर औंल्याउनुभएको थियो।

**भौतिक, प्राकृतिक संसारलाई परमेश्वरले कसरी हेर्नुहुन्छ भनेर उत्पत्ति १:२८,२९ले हामीलाई के बताउँछ? के भौतिक संसार वा थोकहरू खराब छन् र त्यसको उपभोग हामीले गर्नु ठीक छैन भनेर परमेश्वरले औँल्याउनुभएको छ त? सृष्टिसँग हाम्रो सम्बन्ध कस्तो हुनुपर्छ भनेर मानव इतिहासको सुरुको दृष्यले हामीलाई कस्तो पाठ सिकाउँछ? हेर्नुहोस्, "२८ परमेश्वरले तिनीहरूलाई आशिष् दिनुभयो, र तिनीहरूलाई भन्नुभयो, "फल्दै-फुल्दै, वृद्धि हुँदै, पृथ्वीमा भरिँदै र त्यसलाई आफ्नो वशमा पार्दैजाओ। समुद्रका माछाहरू, आकाशका पन्क्षीहरू तथा पृथ्वीका सबै जीवित प्राणीहरूमाथि अधिकार गर।" २९ तब परमेश्वरले भन्नुभयो, "हेर, म तिमीहरूलाई पृथ्वीका सबै बीउ उमार्ने बोटहरू र फलमा नै बीउ हुने सबै फलका रूखहरू दिन्छु। ती तिमीहरूलाई आहाराको निम्ति हुनेछन्।"**

ती वचनहरू बोल्नुभएर परमेश्वरले मानव जगतको सम्बन्धमा आफ्नो पहिलो कदम चाल्नुभएको थियो। उहाँले तिनीहरूसँग बोल्नुहुन्छ, तिनीहरूलाई निर्देशन दिनुहुन्छ र तिनीहरूले के गर्नुपर्छ भनेर भन्नुभएको थियो। ती वचनहरूमा मानव प्राणीको निम्ति विशेष जिम्मेवारी सुम्पिएको देखाइएको छ। परमेश्वर आफैले सृष्टि गर्नुभएको अचम्मको सृष्टिमाथि स्वामित्व गर्न उहाँले मानिसलाई आदेश दिनुभएको थियो।

**उत्पत्ति १:२८मा परमेश्वरले आदम र हव्वालाई आशिष दिनुभयो भनेर उल्लेख गरिएको छ। त्यसको अर्थ के हो? तिनीहरू र तिनीहरूको सृष्टिकर्ताको बीचमा कस्तो खालको सम्बन्धलाई त्यसले देखाउँछ?**

वौद्धिक क्षमताले सम्पन्न भएको वुद्धिजीवी वर्ग भनेर देखेर नै परमेश्वरले आदम र हव्वालाई सम्बोधन गर्नुभएको थियो। परमेश्वरको दयालाई जवाफ दिन सक्ने, उहाँसँग कुराकानी गर्न र सङ्गति गर्न सक्ने तिनीहरूमा खुबी भएको उहाँले देख्नुभएको थियो। फेरि सृष्टि भएको नाताले आदम र हव्वा परमेश्वरका छोरा छोरीहरू थिए र परमेश्वर पिताको हेरचाह र आशिषमा तिनीहरू भरपर्नु पर्ने गरि तिनीहरूलाई सृष्टि गरिएको थियो। तिनीहरूको सबै आवश्यकताहरूलाई परमेश्वरले उपलब्ध गराउनुभएको थियो। तिनीहरू आफूहरू परमेश्वरबाट पाउने थोकहरूको योग्य हुन तिनीहरूले केही पनि गरेका थिएनन्। तिनीहरूले आर्जन नगरेका थोकहरूलाई तिनीहरूले उपभोग गर्न विशुद्धरूपमा अवसर दिइएको थियो।

**आदम र हव्वाको सृष्टिको बारेमा जब हामी पढ्छौं तब पाप आउनुभन्दा अघि परमेश्वरसँगको सम्बन्ध तिनीहरूको कस्तो थियो र अहिले पनि त्यही खालको सम्बन्ध उहाँले अपेक्षा गर्नुभएको तत्वहरू हामी देख्दछौं। अहिले हामी पापपछि छौं र पापै पापको घेबन्दीमा छौं। तैपनि उहाँसँगको सम्बन्ध टुट्न आवश्यक छैन। यस बुँदामा के समान कुराहरू छन् जसले गर्दा हामी पतित भएतापनि परमेश्वरसँग सम्बन्ध राख्न सक्षम् हुनसक्छौं भनेर बुझाउन सहयोग गर्छ?**

## ४. रूखमा

**"अनि परमेश्वरले मानिसलाई यो आदेश दिनुभयो 'तिमीले बगैंचाको प्रत्यक रूखका फलहरू बिना रोकतोक खान सक्छौ। तर बगैंचमा भएको असल र खराबको ज्ञान दिने रूखको फलचाहीं खान मनाही गरिएको छ। जुन दिन तिमी यसको फल खान्छौ त्यो दिन तिमी मर्नेछौ" (उत्पत्ति २:१६,१७ रूपान्तरित)।**

उपर्युक्त बंदेजले आदम र हव्वालाई तिनीहरूको विवेक, आत्मनिर्णय र चेतनाको स्वतन्त्रतालाई उपयोग गर्ने अवसर दिएको थियो। सृष्टिकर्ता परमेश्वरसँगको सम्बन्धलाई सकारात्मक वा नकारात्मकरुपमा लिने चुनौतिको रूपमा त्यो रूख खडा गरिएको थियो। परमेश्वरले तिनीहरूलाई स्वतन्त्र,

नैतिक प्राणीहरू बनाउनुभएको ती पदहरूले बताउँछ। यदि तिनीहरूले परमेश्वरको आज्ञा मान्ने वा नमान्ने अवसर नदिएको भए उहाँले तिनीहरूलाई किन निषेध आज्ञा दिनुहुन्थ्यो होला?

"यस अध्याय अगाडि जे जे भएको थियो त्यसले उत्पत्ति २:१६,१७को पदहरूले तिनीहरूलाई निर्णायक बिन्दुमा पुऱ्याएको थियो। मानव जातिको भविष्य यस एउटा निषेध आज्ञामा केन्द्रित थियो। विभिन्न विषयबस्तुहरूले गर्दा मानिस अलमलमा पर्नु परेको थिएन। केवल एउटामात्र परमेश्वरको आदेशलाई तिनीहरूले दिमागमा राख्नुपर्दथ्यो। मानिस सृष्टि भएको प्राणीले गर्दा धेरै निषेधादेशहरूमा केवल एउटामामात्र सिमित गरिएको थियो। यो यह्वेको दयाको चिन्ह थियो। फेरि, यो एउटा आदेश त्यस्तो भारि पनि थिएन। उहाँ उदार भएर धेरै वा फराकिलो अनुमतिहरू दिनुभएको थियोः 'बगैंचाका रूखहरूको कुनै पनि फल स्वतन्त्रतासाथ तिमी खान सक्छौ।'"-एच. सी. ल्युपोल्ड, एक्स्पोजिशन अभ जेनसिस (कोलम्बस, ओहायोः वार्टबर्ग, १९४२), ठेली १, पृ. १२७बाट रूपान्तरित।

आफ्नो चाहनालाई मान्न आदम र हव्वालाई परमेश्वरले भनिरहनुभएको थियोः "म तिम्रो सृष्टिकर्ता हुँ र तिमीहरूलाई मैले मेरै स्वरूपमा बनाएँ। तिम्रो जीवन मद्वारा नै सँम्भालिएको हुन्छ। मद्वारा नै तिमीहरू जिउँछौं र चल्छौ। तिमीहरू जे छौ त्यो मद्वारा नै हो। तिमीहरूको भलाई र सुखी जीवनको निम्ति तिमीहरूलाई जे चाहिन्छ सो उपलब्ध गराएको छु (आहार, घर र मानवीय साथी) र मैले मेरो तैनाथमा तिमीहरूलाई यस संसारको शासक बनाएको छु। यदि तिमीहरू मलाई प्रेम गरेर यसमा प्रतिवद्धता जनाउँदै मसँग सम्बन्ध राखिराख्यौ भने म तिमीहरूको परमेश्वर भइनै रहनेछु र तिमीहरू मेरा सन्तान वा छोराछोरीहरू हुनेछौ। र मैले तिमीहरूलाई दिएको केवल सरल विशेष आज्ञालाई पालन गरेर तिमीहरू मेरो सम्बन्ध रहिरनसक्नेछौ र ममाथि भरोसा राखिरहनेछौ। त्यसको निम्ति तिमीहरूले आफ्नो प्रतिवद्धता ममाथि जनाउन सक्छौ।

आखिरमा आएर परमेश्वरसँगको सम्बन्ध प्रभावकारी र अनन्तसम्म रहन सकिन्छ यदि हामीले उहाँको इच्छा वा चाहनालाई स्वतन्त्ररूपमा स्वीकार्छौं। उहाँको चाहनालाई अस्वीकार गर्नुले हामी उहाँबाट स्वतन्त्र वा अलग हुन चाहेको देखाउँछ। यसले हामीलाई परमेश्वरको आवश्यकता छैन भनेर हामी विश्वास गर्छौं भनेर देखाउँदछ। यो निर्णयले हामीलाई खराबीतिर

डोऱ्याउँछ। यस खराबबाट हामी परमेश्वर र एक आपसबाट अलग हुन्छौं, एक्लोपना, दिग्दार, बिचल्ली, उदासिनता र मृत्युलाई निम्त्याउँछौं।

जुन जाँच परमेश्वरले आदम र हव्वालाई दिनुभयो त्यसले उहाँप्रति बफादारी र आस्थावान हुने कि नहुने भनेर देखाएको थियो। के तिनीहरू तिनीहरूको सृष्टिकर्ताप्रति बफादार भएर बस्ने कि भन्ने आत्मनिर्णयको स्वतन्त्रता तिनीहरूलाई दिइएको थियो। तिनीहरूलाई चाहिने सबै थोक परमेश्वरले दिनुभएको थियो। यस सुन्दर संसार पनि तिनीहरूलाई नै सुम्पिएको थियो। परमेश्वरले आदम र हव्वा यान्त्रिक मानव वा रोबोट जस्तो नबनाउनुभएकोले तिनीहरू आफ्नै बाटोमा लागेर परमेश्वरको चाहनाबाट स्वतन्त्र हुनसक्थ्यो। त्यो आत्मनिर्णय पनि तिनीहरूलाई नै सुम्पिएको थियो। तर उहाँको वचनमा विश्वासगर्न तिनीहरूलाई प्रशस्त विश्वास र आस्थाको आवश्यकता थियो। परमेश्वरप्रतिको बफादारिता र आस्थालाई जाँच्न केवल एउटामात्र रूख उभ्याइएको थियो, त्यो थियो असल र खराबको ज्ञान दिने रूख। वास्तविकरूपमा भन्ने हो भने आज पनि हामी मानव जगत त्यही खालको निर्णय गर्न प्रत्येक दिन हामीलाई आह्वान गरिएको छ। सोच्नुहोस्, कुन कुन तरिकाहरूद्वारा हामी परमेश्वरप्रति बफादार छौं कि उहालाई विश्वासघात गरेर चल्छौं भनेर देखाउँदछ। परमेश्वरको व्यवस्था वा दश आज्ञाहरूमा उत्पत्ति २:१६,१७को जस्तै समानान्तर आदेश भएको हामी कसरी बुझ्न सक्छौं?

## ५. सम्बन्धलाई टुटाउनु

कतिपय समयमा हामीले मानिसलाई चिनेकाछौं र हामीले नचिनेको मानिसलाई विश्वास तथा भरोसा राख्न नसक्ने भन्ने हाम्रो मानव प्रवृत्ति छ। त्यस परिप्रेक्ष्यमा हव्वाले सैतानलाई सरासर विश्वास गर्नुहुन्नथ्यो। यदि हव्वा परमेश्वरप्रति तल्लिन भएको भए सैतानले परमेश्वरको भनाईमा सिधै आक्रमण गर्दा उनी हच्किन सक्थीन् वा प्रतिकार नै गर्न सक्थीन्। तर परमेश्वरको पक्षमा स्वभाविकैरूपमा हव्वालाई उभिन नदिन सैतानले के कदमहरू चाल्यो? हेर्नुहोस्, उत्पत्ति ३:१-६ "१ परमप्रभु परमेश्वरले बनाउनुभएका वन्य पशुहरूमध्ये सर्प सबभन्दा धूर्त थियो। त्यसले स्त्रीलाई भन्यो, "के परमेश्वरले तिमीहरूलाई बगैंचाको कुनै पनि रूखको फल नखानू भनी भन्नुभएको छ?" २ स्त्रीले सर्पलाई भनिन्, "बगैंचाका रूखहरूका फल हामी खान सक्छौं, ३ तर बगैंचाको बीचमा भएको रूखका फलको विषयमा परमेश्वरले भन्नुभएको छ, 'त्योचाहिँ नखानू र

**नछुनू, नत्रता तिमीहरू मर्छौ'।" ४ सर्पले स्त्रीलाई भन्यो, "तिमीहरू मर्दैनौ। ५ किनकि परमेश्वर जान्नुहुन्छ कि जुन दिन तिमीहरू त्यो खान्छौ त्यही दिन तिमीहरूका आँखा खुल्नेछन्, र असल र खराबको ज्ञान पाएर तिमीहरू परमेश्वरजस्तै हुनेछौ।" ६ जब स्त्रीले त्यस रूखको फल खानलाई असल र हेर्नमा रहरलाग्दो, र बुद्धि पाउनलाई त्यस रूखको चाह गर्नुपर्ने रहेछ भनी देखिन्, तब तिनले त्यस रूखको फल टिपेर खाइन्, र आफ्ना पतिलाई पनि दिइन्, र उनले पनि खाए।"**

"हव्वाले परमेश्वरको वचनलाई सरासर वेवास्ता गर्नु अत्यन्तै खेदपूर्ण थियो जसले गर्दा मानव परिवारमा भारि पीडा निम्त्याइयो। परमेश्वरको आज्ञा उल्लङ्घन गर्ने उनको निर्णयले मानव जात नै दण्डको भागि भएको नमिल्न सक्छ। यो उल्लङ्घन गर्ने कदममा आदमको जानाजानी निर्णय समावेश भएको थियो। असल र खराबको रूखको फल नखानु भन्ने परमेश्वरको निषेधाज्ञा हव्वालाई भन्दा उनलाई पूर्णरुपमा थाहा थियो। यसले गर्दा हामी यो ठोकुवा गरेर भन्दछौं कि आदमकै कारणले यस संसारमा अनावश्यक पाप र मृत्यु आयो। हव्वाले धोखा पाएकी थिइन् तर आदमलाई धोखा दिएको थिएन।"-द एसडिए बाइबल कमेन्टरी, ठेली १, पृ. २३१बाट रूपान्तरित।

परमेश्वरको आज्ञालाई जानाजानी वेवास्ता गरेर घोर अपराधको फलस्वरूप परमेश्वर र मानव जातको बीचको सम्बन्ध टुट्न गयो। परमेश्वरसँग खुलारूपले सङ्गति गरेर आत्मिक आनन्दको उपभोग गर्नुको सट्टा परमेश्वरकै उपस्थितिबाट आदम र हव्वा भागेर झाङ्गमा लुक्न पुगे (उत्पत्ति ३:८-१०)। परमेश्वरसँग सम्बन्ध बिच्छेद भएर अलग हुनुपर्दा उहाँसँगको खुला बातचित र आत्मिक सङ्गति र भाइचारा गुमाइयो। त्यसको फलस्वरूप पाप देखा पर्‍यो र त्यससँग त्यसको अनेकौं कुरूप तथा वीभत्स परिणामहरू आए। यदि त्यसलाई केही गरिएन भने मानव जात नै अनन्तको बिनाशमा जाने निश्चय थियो।

**यस गम्भिर दुर्घट्नाको बीचमा परमेश्वरले के आशा र प्रतिज्ञाको वचन बोल्नुभएको थियो? हेर्नुहोस, उत्पत्ति ३:१५ "तेरो र स्त्रीको बीचमा, र तेरो सन्तान र स्त्रीको सन्तानको बीचमा म दुश्मनी हालिदिनेछु। त्यसले तेरो शिर कुच्च्याउनेछ, र तैंले त्यसको कुर्कुच्चो डस्नेछस्।"**

परमेश्वरको यो वचन अचम्मको थियो। यसले आशाको भविष्यवाणी प्रकट गर्दछ। परमेश्वर आफैले सर्प र स्त्रीको बीचमा हुने शत्रुताको आदेश

दिनुभएको थियो। स्त्रीको सन्तान र सर्पको सन्तानको बीचको दुस्मनताको बिऊ परमेश्वरले नै रोप्नुभएको यहाँ देखाउँछ। यहाँ सर्पको सन्तानको शिर स्त्रीको सन्तानले कुल्चिदिनेछ भनेर उल्लेख गर्दा अन्तमा स्त्रीको सन्तानको प्रतिनिधिले बिजयी पाउने चरम बिन्दुलाई औंल्याउँछ। सैतानको शिरमा स्त्रीको सन्तानले घातक प्रहार गर्नेछ तर उसले मसीहको कुर्कुच्चोलाई घाऊमात्र पार्नेछ।

अत्यन्तै निःसहाय अवस्थामा गुज्रन पुगेको आदम र हव्वाले मसीहको प्रतिज्ञाले आशालाई पल्हाउन दिएको थियो। त्यो आशाले तिनीहरूको अस्तित्वको काँचुली फेरिने थियो, किनभने यो आशा परमेश्वर आफैले दिनुभएको थियो र उहाँ आफैले अनुमोदन गर्नुभएको थियो। त्यसबेला आदम र हव्वाले मसीहको प्रतिज्ञालाई र अन्तिम बिजयको बारेमा स्पष्ट नभएतापनि पापले गर्दा तिनीहरूमाथि परेको अन्धकारको बादल हटेको थियो।

**आदम र हव्वालाई "तिमीहरू कहाँ छौ?" भनेर सोध्नुभएको प्रश्न कहाँबाट गर्नुभएको थियो? हेर्नुहोस्, उत्पत्ति ३:८, ९ "८ अनि साँझपख परमप्रभु परमेश्वर बगैंचामा डुल्दैहुनुहुँदा तिनीहरूले उहाँको सोर सुने, र मानिस र उनकी पत्नी बगैंचाका रूखहरूका बीचमा परमप्रभु परमेश्वरको नजरबाट लुके। ९ तर परमप्रभु परमेश्वरले मानिसलाई बोलाउनुभयो, "तँ कहाँ छस्?" तिनीहरू कहाँ थिए भनेर परमेश्वरलाई थाहा थियो। तिनीहरूलाई दोष नदिइकन वा नहप्काइकन परमेश्वरले तिनीहरूलाई मायालु तरिकाले तिनीहरू कहाँ छन् भनेर सोध्नुको अर्थ दोषी मानव जात आफूतिर खिँच्न उहाँ चाहनुभएको देखाउँछ। संक्षेप्तमा भन्ने हो भने पतित मानव जातिको निम्ति परमेश्वरका पहिला शब्दहरूमा उहाँको अनुग्रह र दयाको आशाले भरिएको थियो। अहिले पनि परमेश्वरले हामीलाई उहाँको दया र अनुग्रहको स्वरले बोलाइरहनुभएको हामी कसरी महसुस गर्न सक्छौं?**

## उपसंहारः

**थप जानकारीः** पापी र परमेश्वरबाट अलग भएर बस्न चाहनेहरूलाई आफूतिर आओस् भनेर उहाँले गर्नुभएको सम्बोधनले बाइबल भरिएका छन्। उदाहरणमा, भजन ९५:७,८ "७ उहाँ नै हाम्रा परमेश्वर हुनुहुन्छ, र हामी उहाँको खर्कका प्रजा, र उहाँका हातका भेड़ाहरू हौं। आज तिमीहरूले उहाँको शब्द सुन्यौ भने, ८ तिमीहरूले मेरीबामा गरेजस्तै आफ्ना हृदय कठोर नपार,

जस्तो तिमीहरूले त्यस दिन मरुभूमिमा भएको मस्साहमा गरेका थियौ।", यशैया ५५:१-७ "१ "हे सबै तिर्खाउने हो, आओ, पानीनेर आओ। अनि तिमीहरू रुपियाँ नहुने पनि आओ र किनेर खाओ। आओ, विनापैसा र विनादाम दाखमद्य र दूध किन। २ जे रोटी नै होइन, त्यसको निम्ति किन पैसा खर्च गर्छौ? अनि जे कुराले सन्तोष नै दिँदैन, त्यसको निम्ति किन परिश्रम गर्छौ? ध्यान देओ, ध्यान दिएर मेरो कुरा सुन, र जे कुरो असल छ त्यही खाओ, र स्वादिष्ट थोकहरू खाएर तिमीहरूको प्राण सन्तुष्ट हुनेछ। ३ कान थाप, र मकहाँ आओ। सुन, ताकि तिमीहरूको प्राण जिओस्। म तिमीहरूसित अनन्त करार बाँध्नेछु, दाऊदलाई प्रतिज्ञा गरेको मेरो विश्वासको प्रेम। ४ हेर, मैले त्यसलाई जाति-जातिहरूका बीचमा साक्षी, र जाति-जातिहरूमा एक नेता र सेनापति तुल्याएको छु। ५ परमप्रभु, तिमीहरूका परमेश्वर, इस्राएलका परमपवित्रको कारण, तिमीहरूले नचिनेका जातिहरूलाई तिमीहरूले बोलाउनेछौ, र तिमीहरूलाई नचिन्ने जातिहरू तिमीहरूकहाँ हतार-हतार गरी आउनेछन्। किनकि उहाँले तँलाई गौरवले युक्त पार्नुभएको छ।" ६ जबसम्म परमप्रभुलाई पाउन सक्छौ उहाँलाई खोज। उहाँ नजिक हुनुहुँदा नै उहाँलाई भेट। ७ दुष्टले आफ्नो बाटो र अधर्मीले आफ्नो विचार त्यागोस्, र परमप्रभुतिर फर्कोस्, र उहाँले त्यसमाथि कृपा गर्नुहुनेछ। हाम्रा परमेश्वरतर्फ त्यो फर्कोस्, र उहाँले त्यसलाई सित्तैंमा क्षमा गर्नुहुनेछ।", लूका १५:३-७ "१ कर उठाउनेहरू र पापीहरू सबै उहाँको वचन सुन्नलाई उहाँको नजिक आइरहेका थिए। २ "यस मानिसले त पापीहरूलाई ग्रहण गर्दछ, र तिनीहरूसँग खानपान गर्छ" भनी फरिसीहरू र शास्त्रीहरू गनगनाउन लागे। ३ तब उहाँले तिनीहरूलाई यो दृष्टान्त भन्नुभयोः ४ "तिमीहरूमध्ये कुन मानिस होला, जसको एक सय भेड़ामध्ये एउटा हराउँदा उनान्सयलाई वनमै छोड़ेर हराएको भेड़ा नपाउञ्जेल त्यसको खोजी गर्दैन? ५ हराएको भेड़ा भेट्टाएपछि रमाउँदै त्यसलाई आफ्नो काँधमा राख्छ, ६ र घरमा आएर उसले आफ्ना मित्रहरू र छिमेकीहरूलाई बोलाउँछ, र तिनीहरूलाई भन्छ, 'मसँग रमाओ, किनभने मैले आफ्नो हराएको भेड़ा पाएको छु।' ७ म तिमीहरूलाई भन्दछु, यसरी पश्चात्ताप गर्नु नपर्ने उनान्सय धार्मिक जनहरूका लागि भन्दा पश्चात्ताप गर्ने एक जना पापीको लागि स्वर्गमा अझ बढ़ी आनन्द हुनेछ।" र लूका १९:१-१० "१ येशू यरीहोमा प्रवेश गरेर त्यहाँबाट जाँदैहुनुहुन्थ्यो। २ त्यहाँ जखायस नाउँ भएका एक जना मानिस थिए। तिनी कर उठाउनेहरूमा प्रमुख मानिस थिए, अनि धनी

थिए। ३ येशू को हुनुहुँदोरहेछ भनेर तिनी हेर्न चाहन्थे, तर पुड्को भएका हुनाले भीड़ले गर्दा तिनले देख्न सकेनन्। ४ तिनी उहाँलाई हेर्नलाई अगिअगि दौड़ेर एउटा अञ्जीरको रूखमा चढ़े। किनकि येशू त्यही बाटो भएर जान लाग्नुभएको थियो। ५ जब येशू त्यस ठाउँमा आइपुग्नुभयो, तब उहाँले मास्तिर हेरेर तिनलाई भन्नुभयो, "ए जखायस, चाँड़ो ओर्लेर आऊ, किनभने आज मलाई तिम्रो घरमा बस्नुपरेको छ।" ६ तिनी झट्टै ओर्लेर आए। अनि खुशीसाथ उहाँको सत्कार गरे। ७ जब मानिसहरूले यो देखे, तिनीहरू सबै यसो भनेर गनगनाउन लागे, "उनी पापीको घरमा पाहुना लाग्न गए।" ८ जखायसले खड़ा भएर प्रभुलाई भने, "प्रभु, हेर्नुहोस्, म आफ्ना सम्पत्तिको आधा भाग गरीबहरूलाई दिन्छु, र कोहीबाट अन्यायपूर्वक केही लिएको छु भने म त्यसको चार गुणा फिर्ता गरिदिनेछु।" ९ तब येशूले तिनलाई भन्नुभयो, "आज यस घरमा मुक्ति आएको छ, किनकि यिनी पनि अब्राहामका छोरा हुन्। १० किनभने मानिसको पुत्र हराएकालाई खोज्न र बचाउन आएको हो।" अरू थप के तपाईंलाई थाहा छ?

एलेन जी ह्वाइटका देहायका पुस्तकहरूमा यस अध्यायको बारेमा अझ स्पष्ट जानकारी दिन्छः *पाट्रियार्क एण्ड प्रोफेटसको* पृ. ४४-५१को "द क्रियशन", पृ. ५२-६२को "द टेम्प्टेशन एण्ड फल" र पृ. ६३-७०को "द प्लान अभ सालभेशन।"

"परमेश्वरका तीन शब्दहरूमा सुसमाचारको निम्ति प्रवचन छ भनेर म मान्दछु। बाक्लो झाडमा भागेर लुकिरहेका ती दम्पत्तिले परमेश्वरको स्वरले तिनीहरूका कानहरू थर थर भएका होलान्। "तिमीहरू कहाँ छौ?" भनेर उहाँले बोलाउनुभएको थियो। 'तिम्रो परमेश्वरले तिमीलाई गुमाउन चाहनुहुन्न, उहाँ स्वर्गबाट तिमीलाई खोज्न आउनुभएको छ।' अनि बिस्तारै बिस्तारै उहाँ उहाँको पुत्रको रूपमा आउनुभयो। उहाँले खोज्नमात्र होइन तर हराएकाहरूलाई उद्धार गर्न आउनुभएको थियो।"-चार्लस हाड्डन स्पर्जन, द ट्रेजरी अभ द बाइबल (ग्राण्ड रापिड, मिशिगन, जोन्डरभन, १९६२) ओल्ड टेस्टामेन्ट, ठेली १, पृ. ११बाट रूपान्तरित।

**चिन्तनमननः**

अ. दयालु र मानव जातप्रति हितप्रति चासो राख्दै खोजिरहने परमेश्वर पिता र पुत्र येशूको प्रियदायी आह्वानलाई हामीले कसरी जवाफ दिने? अहिले पनि उहाँले हामीलाई खोज्दै हुनुहुन्छ। उहाँको आवाजलाई हामीले कसरी जवाफ दिनुपर्छ भनेर उहाँले कस्तो अपेक्षा गर्नुभएको छ?

आ. बिकासवाद सिद्धान्त अर्थात सुक्ष्म जीव वा बाँदरबाट परिवर्तन हुँदै मानिस भयो भन्ने शिक्षाको बिपरित बाइबलले सिकाएको परमेश्वरको उच्चकोटीको मानव सृष्टि भएको सोच्नुहोस्। सृष्टिको उच्च स्थानबाट पतित हुँदा मानिसलाई मुक्तिको आवश्यकता हुनुपर्ने बाइबलको सिद्धान्तले बिकासबाद सिद्धान्तसँग किन मेल खान्दैन? अर्थात् बिकासबाद सिद्धान्तले मुक्तिदाताको आवश्यकता के देखाउँछ? मानिसलाई चाहिने आशा के विकासवाद सिद्धान्तका वैज्ञानिक गुरुहरू भनाउँदाले दिन सक्छन् र?

इ. मानव जीवनमा प्रेमिलो सम्बन्ध कतिको महत्त्वपूर्ण छ? परमेश्वरसँगको फस्ताउँदो सम्बन्धले मानिस मानिसको बीचमा सुमधुर सम्बन्ध हुन्छ भन्ने आवश्यकता कसरी बुझ्ने? यसलाई मध्यनजर राखेर बाबु-छोराछोरी, साथीसाथी भाइ, श्रीमान-श्रीमती, कर्मचारी-हाकिमको बीचमा स्वस्थ र सुमधुर सम्बन्ध राख्न के गर्नुपर्छ, सो सोच्नुहोस्।

**सारांशः** परमेश्वरले हामीलाई उहाँकै स्वरूप वा प्रतिरूपमा सृष्टि गर्नुभयो ताकी उहाँ र हाम्रो बीचमा प्रेमिलो सम्बन्ध हुन सकियोस्। पापको प्रवेशले परमेश्वर र मानिसको बीचमा भएको एकतालाई खलबल्याएतापनि मुक्तिको योजनाद्वारा परमेश्वरले त्यो सम्बन्ध पुनर्स्थापना गर्न खोज्नुभएको छ। परमेश्वरमाथि भर पर्ने हामी सृष्टिहरू भएकोले हाम्रो सृष्टिकर्तासँगको सम्बन्धले मात्र हाम्रो जीवनको सत्य मूल्य,मान्यता, र स्पष्ट अर्थमा चल्न सक्छौं।

## कथा १

## केटीहरू कि परमेश्वर?

## दानिएल आमाट्टरन, २९, ट्रिनिडाड र टोबागो

दानिएल ११ वर्षको हुँदा उसको छिमेकीले हिपहप नाच गर्न सिकायो। त्यो नाच उसले सुरिनामको राजधानी पारामारेबोमा सिकेको थियो। दानिएलले त्यस खालको नाच टेलिभिजनमामात्र देखेको थियो तर प्रत्यक्ष देखेको थिएन। एउटै हातमा उभिएर अनेकौं किसिमले नाचेको र उफ्रेको देख्दा ऊ चकित भएको थियो। केटीहरूले त्यो नाच हेर्न खुबै मनपराएको उसले देख्यो। केटीहरूले उसलाई पनि हेरुन् भन्ने उसले चाहेको थियो। त्यसकारण उसले पनि राम्रोसँग नाच्न सिक्यो। ऊ नाच्न धेरै मन परायो। स्थानीय प्रतिभा प्रदर्शनमा उसले जित्यो र नेदरल्याण्डमा यात्रा गर्ने अवसर पनि उसले पायो। ऊ एकदम लोकप्रिय हुन थाल्यो र केटीहरू उसको वरिपरि झुम्न थाले।

एक दिन दानिएल ओछ्यानमा पल्टिरहेको थियो र केही कुरा सोचिरहेको थियो। तब त्यसबेला उसले एउटा आवाज कानमा परेको अनुभव गऱ्यो, "दानिएल, तिमीले तिम्रो जीवनमा के गर्न चाहन्छौ?" त्यो आवाज पवित्र आत्माको हो कि भन्ने जस्तो उसलाई लाग्यो। जब ऊ सानो थियो उसका बाबुआमाले उसलाई चर्चमा लान्थ्यो तर पछि वर्षौंसम्म चर्चमा ऊ गएको थिएन। पवित्र आत्माले उसलाई बोलिरहनुभएको उसलाई मन परेन। ऊ प्रख्यात हुन चाहेको थियो र संसारको मोजमज्जामा लाग्न चाहेको थियो। "प्रभु, अहिले होइन, अहिले होइन" दानिएलले भन्यो। बुढो नहुञ्जेल नाच्ने अनि नाच्न नसकेपछि चर्च जाने उसले निर्णय गऱ्यो।

अनि दानिएलले राती राती नराम्रो सपना देख्न थाल्यो। उसलाई दुष्ट आत्माले हमला गरेको सपनामा देख्न थाल्यो। एक रात येशूको दोस्रो आगमनको बारेमा सपना देख्यो। येशू बादलमा सेतो वस्त्र पहिरिनुभएको उसले देख्यो। पृथ्वी आगोले सल्किरहेको थियो र मानिसहरू यताउति चिच्याउँदै, कराउँदै दगुरिरहेको उसले देख्यो। भोलिपल्ट दानिएल मुटु काम्दै उठ्यो, "म त हराएँ। म त हराएँ। मैले अनन्त जीवन गुमाएँ। म परमेश्वरतिर फर्कनुपर्छ" भनेर उसले सोच्यो। तर पछि उसले सबै कुरो बिर्स्यो। धेरै वर्षपछि जब ऊ १९ वर्षको थियो येशूलाई विश्वास नगर्ने आफन्तकहाँ रहन

गयो। त्यसबेला ऊ कलेजमा पढ्दै थियो। एक दिन उसले टेबुलमा "हिप-हिपको बारेमा सत्य जानकारी" भन्ने डिभिडी देख्यो। यो सुमाचार प्रचार गर्ने संस्थाले निकालेको थियो। येशूलाई विश्‍वास नगर्ने आफन्तको घरमा त्यो डिभिडी देख्दा ऊ छक्क पर्‍यो। "यो कसले किनेको?" भनेर सोध्यो। कसैलाई थाहा थिएन यो डिभिडी त्यहाँ कसरी आइपुग्यो। दानिएलले त्यो भिडियो हेर्‍यो। हिपहप नाचको सुरू गुण्डाबाट भएको थाहा पाएर उसलाई अचम्म लाग्यो। अवैध लागुपदार्थ, हत्य र हिंसासँग त्यो नाच जोडिएको उसले थाहा पायो। ऊत अलमलमा पर्‍यो। "हिपहप नाच त नराम्रो कुराहरूसँग नजिकै सम्बन्ध भएको" उसले सोच्यो। "यो त मलाई मन परेन। मैले सोचें यो नाच त केवल नाच गान र रमाइलो गर्ने हो र धेरै केटीहरूलाई खुशी पार्ने हो।" एक दिन उसले नाच्ने साथीसँग यस डिभिडीले भनेको सत्य हो कि भनेर सोध्यो। "त्यो सत्य होइन, तर सत्य भएपनि के मतलब?" उसले जवाफ दियो।

दानिएल निरन्तर नाची नै रह्यो। तर एडभेन्टिस्ट भतिजासँग ऊ चर्च पनि जान थाल्यो। उसले सुसमाचारीय प्रचार कार्यक्रममा भाग लियो। त्यो कार्यक्रम भएको दुई हप्ता पछि "कसैले येशूलाई ग्रहण गर्न चाहनुहुन्छ र बप्तिस्मा लिन चाहनुहुन्छ?" भनेर प्रचारकले आह्वान गरे। दानिएल उठ्यो र बप्तिस्मा लिने निर्णय गर्न ऊ अगाडि जान थाल्यो। उसको सबै जिउ कामीरहेको थियो। उसको दिमागमा दुई वटा आवाजहरूले बादविवाद गरिरहेको उसले महसुस गर्‍यो। एउटा आवाजले भन्यो, "के येशूलाई विश्‍वास गरेर तिमीले नाच्न छोड्ने? के तिमीले सबै आउने पैसा, लोकप्रियता र केटीहरू छोड्ने?" अर्को आवाजले भनिरहेको थियो, "येशूलाई रोज। उहाँमात्र एक बाटो हो।" अगाडि नै जानेकि नजाने भनेर ऊ अलमलमा परिरह्यो। निर्णयमा अलमल पर्नेहरूलाई अगाडि आउन प्रचारकले जोड गरे।

अनि दानिएल अगाडि नगइकन पैसा, लोकप्रियता, केटीहरू सोच्यो-र थचक्क बस्यो। त्यस रात घरमा घुँडामा टेकेर उसले प्रार्थना गर्‍यो, "प्रभु, तपाईंले म पश्‍चाताप गर्न चाहनुभएको हो भने मलाई भोलिकेही न केही गरेर देखाउनुहोस्। जब प्रचारकले फेरि बोलाउनुहुन्छ म अगाडि जान साहस दिनुहोस्।" भोलिपल्ट राती प्रचारकले फेरि पनि आफ्नो जीवन येशूमा सुम्पन्न आग्रह गरे। दानिएल उठ्यो। उसको पूरै शरीर एकदम काँपीरहेको थियो। फेरि, उसले दुई आवाजहरूको घम्साघम्सी भइरहेको उसले महसुस गर्‍यो।

"प्रभु पहिलो कदम चाल्न मलाई बल दिनुहोस्" उसले प्रार्थना गऱ्यो। त्यसबेला उसलाई कसैले विस्तारै पछाडिबाट धकेलिरहेको उसले महसुस गऱ्यो। ऊ अगाडि बढ्यो। त्यसपछि दोस् कदम चाल्न उसलाई सजिलो भयो। अनि छिट्टै ऊ त अगाडि पो उभिन पुग्यो।

आज दानिएल २९ वर्षको छ (२०२०)। साउथरन करिबियन विश्वविद्यालयमा ऊ पास्टर हुन अध्ययन गरिरहेको छ। आफूलाई फेसबुक सुसमाचार प्रचारक भनेर पनि कहलाउँछ। उसले छ वर्षदेखि प्रेरणादायी भिडियो र बाइबल अध्ययन फेसबुकमार्फत सुसमाचार प्रचार गरिरहेको छ। उसको प्रयासले चौबिस जना मानिसहरूले बप्तिस्मा लिइसकेको छ। "परमेश्वरले ममाथि धेरै अनुग्रह देखाउनुभएको छ। सुमाचार प्रचार गर्ने मेरो लक्ष्य गम्भिर भएर चल्दछु" खुशी हुँदै दानिएलले यस लेखकलाई सुनायो।

**-आन्द्र्यु मेकचेकस्नी**